REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 17.04.2026

## महिला आरक्षण ऐनको समर्थनमा गान्तोकमा विशाल र्याली

आधिकारिक रूपमा नारी शक्ति वन्दन अधिनियम भनेर चिनिने महिला आरक्षण ऐनको समर्थनमा आज गान्तोकमा विशाल र्याली आयोजना गरियो, जसमा सयौं महिलाहरूले उत्साहपूर्वक भाग लिएका थिए। र्याली देवराली टाटा स्ट्यान्डबाट शुरू भएर पाल्जोर स्टेडियममा समापन भयो।

१६ अप्रिल २०२६ मा लागू भएको महिला आरक्षण ऐनले लोकसभा, राज्य विधान सभा र दिल्ली विधानसभामा महिलाहरूको लागि ३३ प्रतिशत आरक्षण अनिवार्य गरेको छ।

विशाल भेलालाई सम्बोधन गर्दै पूर्व विधायक कृष्ण कुमारी राईले ऐनलाई "भारतको इतिहासमा नयाँ बिहानी" भनेर वर्णन गरिन् । ऱ्यालीको नेतृत्व गर्ने Upper बुर्तुकको विधायक कला राईले यो विकासलाई महिलाहरूको लागि "ऐतिहासिक क्षण" भनि बताइन् भने, उप सभामुख राजकुमारी थापाले सहभागीहरूलाई सम्बोधन गर्दै, यो ऐन भारतमा महिलाहरूको लागि महत्त्वपूर्ण कोसेढुङ्गा हो, भनिन्। सिक्किमका महिलाहरूमाझ बढ्दो राजनीतिक प्रतिनिधित्व र लैङ्गिक समानताको लागि व्यापक समर्थनलाई जोड दिंदै ऱ्यालीमा ठूलो सहभागिता देखियो।

## पहाडी क्षेत्रमा गुणस्तरीय कंक्रीट, लचिलो निर्माण र रेट्रोफिटिंग सम्बन्धी कार्यशाला रिफ्रेसर कोर्स को सफल आयोजन

सिक्किम विज्ञान तथा प्रविधि संस्थानको सिभिल इन्जिनियरिङ विभागले BALKAPSO CONSTRUCTION सँगको सहकार्यमा पहाडी क्षेत्रमा गुणस्तरीय कंक्रीट लचिलो निर्माण र रेट्रोफिटिंग सम्बन्धी तीन दिने कार्यशाला र रिफ्रेशर कोर्सको पहिलो दिन सफलतापूर्वक आयोजना गर्यो। यो कार्यक्रमले पहाड़ी क्षेत्रहरूमा निर्माणका चुनौतीहरूलाई सम्बोधन गर्न शैक्षिक उत्कृष्टता प्रवर्द्धन र व्यावहारिक ज्ञानलाई सुदृढ पार्न विभागको निरन्तर प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

सिभिल इन्जिनियरिङको क्षेत्रमा जुनियर इन्जिनियरहरू र इच्छुक पेशेवरहरूको सीप र प्राविधिक ज्ञानलाई सुदृढ पार्ने मुख्यमन्त्री प्रेम सिंह तामाङको दृष्टिकोण अनुरूप यो कार्यशाला आयोजना गरिएको हो।

## मंगनमा तीन दिने सिक्किम उत्सव 2026 शुरु

मंगन च्याप्टरको तीन दिने सिक्किम उत्सव 2026 आज मंगन नगर पञ्चायत हलमा शुरु भयो। सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभागले सिक्किम उद्यमशीलता तथा आर्थिक विकास (SEED) सेलसँगको सहकार्यमा RAMP अर्थात् MSME कार्यसम्पादन बढाउने र तीव्र पार्ने योजना अन्तर्गत तीन दिने कार्यक्रम आयोजना गरेको हो। कार्यक्रमको औपचारिक उद्घाटन समाज कल्याण विभागका मन्त्री-र-क्षेत्र विधायक, लाचेन-मंगन, सम्दुप लेप्चाले गरेका थिए, जो प्रमुख अतिथिको रूपमा उपस्थित थिए भने वाणिज्य तथा उद्योग मन्त्री छिरिङ थेन्डुप भुटिया पनि सम्मानित अतिथिको रूपमा उपस्थित थिए। तीन दिने उत्सव, खाद्य प्रसंस्करण, स्थानीय हस्तकला र परम्परागत पोशाकको प्रदर्शनी र बिक्रीमा केन्द्रित हुनेछ, जसमा राज्यभरका व्यक्तिहरू सहभागी हुनेछन् । यसमा सांस्कृतिक कार्यक्रमहरू पनि प्रस्तुत गरिनेछ।

## पेगोङ प्राथमिक विद्यालमा आगलागी सुरक्षा सम्बनाधी जागरूकता कार्यक्रम

जारी राष्ट्रिय अग्नि सेवा सप्ताहको चौथो दिनमा, चुङ्थाङ अग्नि नियन्त्रक केन्द्रले आज पेगोङ प्राथमि विद्यालयमा अग्नि सुरक्षा जागरूकता कार्यक्रम सञ्चालन गर्यो।

कार्यक्रममा प्रधानध्यापक, शिक्षक र विद्यार्थीहरूको उत्साहजनक सहभागिता देखियो।

## विद्यार्थीहरूका लागि मत्स्य पालन जागरूकता पहल आयोजना

सिकाइ र रमाइलोको दिनः विद्यार्थीहरूका लागि मत्स्य पालन जागरूकता पहल आज पाकिम जिल्लाको मत्स्य पालन विभागले आसाम लिंग्जेको मुख्यमन्त्री मोडेल स्कूल (CMMS) मा आयोजना गरेको थियो।

कार्यक्रमको उद्देश्य विद्यार्थीहरूलाई मत्स्य पालनविकास, जलीय जैविक विविधताको संरक्षण र दिगो अभ्यासहरू अपनाउने बारे जागरूक गराउनु थियो।